सलकपुर खानेपानीको निर्वाचन

लोकतान्त्रिक समूहले गर्यो यस्तो प्रतिवद्धता

सुन्दरहरैंचा(उस)/मोरङको सुन्दरहरैंचा-८ स्थित सलकपुर खानेपानी उपभोक्ता तथा सरसफाइ समितिको नयाँ नेतृत्व चयनका लागि शनिबार हुने निर्वाचनमा आफ्नो समूहका उम्मेदवारले जिते उपभोक्ताहरूलाइ धेरै सुविधा उपलब्ध गराउने प्रतिवद्धता लोकतान्त्रिक समूहले जनाएको छ । श्यामप्रसाद ढकाल नेतृत्वको लोकतान्त्रिक समूहले बुधबार सलकपुरमा पत्रकार सम्मेलन गरी आफ्नो समूहलाई मतदान गरी विजयी गराउन अपिल गरेको हो । सो समूहले 'युवा समावेशी र अनुभवीको समूह, निष्पक्षता, पारदर्शी र शुद्धताको प्रतिबद्धता'को नारा अघि सार्दै उपभोक्ताहरूलाई आफ्नो पक्षमा पार्ने प्रयास गरेको छ ।

सो समूहबाट उपाध्यक्षमा दीपक गुरूङ, सचिवमा उद्धवप्रसाद अधिकारी, कोषाध्यक्षमा सावित्रा पोखरेल र सहसचिवमा दिनानाथ अधिकारी (दिपेन) उम्मेदवार छन् । सदस्यमा बबिता कार्की अधिकारी, लक्ष्मी भण्डारी, ज्ञानबहादुर खड्का, राजु बरूवाल, मनबुल मियाँ र सिलास उराउ उम्मेदवार छन् । यस्तै लेखा समिति संयोजकमा सरोज भट्टराई, सदस्यहरूमा कपिल पोखरेल र मन्दिरा थापा छन् ।

पत्रकार सम्मेलनमा पुरानो पाइपलाइनहरूलाई प्रतिस्थापन गरी नयाँ पाइपलाइनहरू बिस्तार गर्ने र त्यसका लागि अनुदान र सहयोगको व्यवस्थापन गरिने अध्यक्षका उम्मेदवार श्यामप्रसाद ढकालले जानकारी दिए । उनले एक घर एक धारा अनिवार्य पुऱ्याएर कमजोर आर्थिक अवस्था कमजोर भएका उपभोक्ताहरूलाई नगर र वडासँग समन्वय गरी सुलभ र सहज ढंगले खानेपानीको व्यवस्था गर्ने लगायतका आगामी कार्य योजना तथा प्रतिबद्धताहरू सुनाए । पत्रकार सम्मेलनमा पूर्व नगर प्रमुख शिवप्रसाद ढकाल, कांग्रेस क्षेत्रीय सभापति देवराज तामाङ, भक्तिप्रसाद सिटौला, लोकप्रसाद संग्रौला लगायतले लोकतान्त्रिक समूहलाइ जिताउन आग्रह गरेका थिए ।

लागूऔषधसहित ६ पक्राउ

विराटनगर(उस)/विराटनगरका दुई अलग अलग ठाउँबाट लागू औषधसहित ६ जना पक्राउ परेका छन। विराटनगर-१५ बाट लागुऔषधसहित ४ जनालाई प्रहरीले पक्राउ गरेको छ । मंगलबार लागुऔषध नियन्त्रण ब्युरो विराटनगर र कोशी प्रदेश प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले जाँच गर्दा सुन्दरहरैंचा-७ का १९ वर्षीय अभिषेक राई, २५ वर्षीय लक्ष्मण चौधरी, रूपन्देही बुटवलकी ४१ वर्षीया कौशी बिश्वकर्मा र ३२ वर्षीया निशा सुनारलाई २ ग्राम ४६ मिलिग्राम खैरो हेरोइन, स्पास्मो १४४ क्याप्सुल र २४ बोतल स्कपसहित नियन्त्रणमा लिएको हो ।

यसैगरी विराटनगर-१८ बाट लागुऔषध गाँजासहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । मंगलबार राति सवा १० बजे इलाका प्रहरी कार्यालय रानी र इलाका प्रहरी कार्यालय बुधनगरबाट जाँचमा खटिएको प्रहरी टोलीले जहदा गाउँपालिका- १ का श्याम यादव र शंकर यादवलाई ९ किलोग्राम गाँजा, नगद नेपाली रूपैयाँ ६८ हजार, भारतीय रूपैयाँ १८ हजार, डिजिटल तराजु १ थान र भारतीय नम्बरको २ थान मोटरसाइकलसहित पक्राउ गरेको हो ।

मोरङ उद्योग व्यापार संघमा कर सम्बन्धी छलफल

विराटनगर(उस)/मोरङ उद्योग व्यापार संघले आर्थिक वर्ष २०८२-८३ को बजेटमा परिवर्तित कर तथा राजस्वसँग सम्बन्धित विषयमा बुधबार छलफल कार्यक्रम गरेको छ ।

कार्यक्रममा उद्योगी व्यवसायीहरुले आर्थिक वर्ष २०८२-८३ को बजेटमा रहेका कर सम्बन्धी विभिन्न जिज्ञासाहरू राखेका थिए । ती जिज्ञासाहरूलाई आन्तरिक राजस्व कार्यालयका प्रमुख कर अधिकृत, अधिकृतहरू एवम् चार्टर्ड एकाउन्टेन्टसहरूले सम्बोधन गरेका थिए ।

संघका अध्यक्ष अनुपम राठीको अध्यक्षतामा भएको सो छलफलमा आन्तरिक राजस्व कार्यालय, विराटनगरका प्रमुख कर अधिकृत भूपालराज शाक्य, अधिकृत गजधार खतिवड़ा र अधिकृत विशाल काफ्लेको उपस्थिति थियो । संघका राजस्व सल्लाहकार सीए अश्विनी बंशल, सीए तीर्थ यादव, सीए काशीकुमार साह, सीए मनोज अधिकारी, सीए युवराज उप्रेतीको पनि सहभागिता थियो ।

बंगलादेशबाट पौने ५ अर्बको आयात

भद्रपुर/आर्थिक वर्ष २०८१/८२ को वैशाख महिनासम्ममा कांकडभिट्टा हुँदै बंगगलादेशबाट चार अर्ब ७५ करोड आठ लाख छ हजार ८७१ बराबरको मालसामान आयात भएको छ। नेपालबाट ३५ करोड ६२ लाख ९७ हजार ८२७ बराबरका उत्पादन बङ्गलादेश निर्यात भएका छन् ।

कांकडभिट्टास्थित नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड शाखा कार्यालय प्रमुख सुवास पाण्डेयका अनुसार बङ्गलादेशबाट सवैभन्दा धेरै एक अर्ब ७८ करोड ४२ लाख बराबरको अप्रशोधित जुट आयात भएको छ। यसैगरी आयात भएका अन्य वस्तुमा ब्याट्री, पोल्ट्री फिड सप्लिमेन्ट, कस्मेटिक आइटम, हाइड्रोजन प्याराअक्साइड, जुट यार्न, विद्युतीय उपकरण, औषधि, आलु, पेपर, ग्लास, फुड एण्ड वेभरेजलगायतका सामग्री रहेका छन् । कांकडभिट्टाबाट ३० करोड २७ लाख ७९ हजार बराबरको खुदो बङ्गलादेश निर्यात भएको छ। यहाँबाट अन्य जडीबुटी, अनिमल फिड, घरायसी सामान निर्यात भएको कार्यालय प्रमुख पाण्डेयले बताए । (रासस)

कोशी र मधेशका क्रिकेटरलाई क्रिकेट सामग्री हस्तान्तरण

विराटनगर(उस)/नेपाल क्रिकेट फाउण्डेसनले कोशी र मधेश प्रदेशमा क्रिकेट सामग्री हस्तान्तरण गरेको छ ।

प्रदेशस्तरीय क्रिकेटसँगको सहकार्यमा 'क्रिकेट फर इक्वालिटी' परियोजना अन्तरगत क्रिकेट ब्याट, हेल्मेट, प्याड, पञ्जा, लेदर बल, टेनिस बल, स्टम्प, कोन्स तथा किट ब्यागहरू हस्तान्तरण गरिएको हो ।

मधेश प्रदेशको सिरहा र कोशी प्रदेशको उदयपुर र सुनसरी जिल्लामा जिल्ला क्रिकेट संघसँग सहकार्य गरेर ती सामग्री हस्तान्तरण गरिएको नेपाल क्रिकेट फाउण्डेसनका संस्थापक अभिषेक श्रेष्ठले बताए ।

हार्ड बल र सफ्ट बल क्रिकेटलाई दृष्टिगत गर्दै ती सामग्री प्रदान गरिएको उनले जानकारी दिए । क्रिकेटको पहुँच र समानता सुनिश्चित गर्ने मुख्य उद्देश्यसहित फाउण्डेसनले ग्रासरूट क्रिकेटको अभियान सञ्चालन गर्दै आएको छ । जस अन्तरगत विद्यालय र ग्रामीण क्षेत्रका पिछडिएको समुदायबाट क्रिकेटरको खोजी गर्दै उनीहरूलाई चिनाउने काम गर्दै आएको छ ।

बगरमा गाडेको ११ सय किलो गाँजा बरामद

विराटनगर(उस)/ प्रहरीले सुनसरीको हरिनगर गाउँपालिकास्थित कटान खोलाको बगरमा गाडिएको ३८ बोरा (१ हजार १२० किलो) गाँजा बरामद गरेको छ ।

नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त टोलीले बगरमा पुरेर राखेको उक्त गाँजा खनेर निकालेको हो । जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रवक्ता प्रहरी नायव उपरीक्षक योगराज खतिवडाका अनुसार आइतबार साँझ करिव ५ बजेतिर कटान खोलाको बगरमा बालुवामुनि गाँजा लुकाएर राखेको भन्ने सूचना प्रहरी चौकी घुस्कीमा प्राप्त भएको थियो ।

सोही सूचनालाई पछ्याएको ४० जनाको प्रहरी टोलीले कटान खोलाको बगरमा गाडिएको अवस्थामा गाँजा बरामद गरेको जनाइएको छ ।

हत्यामा संलग्न एक पक्राउ

ताप्लेजुङ(उस)/ताप्लेजुङको फुङलिङ नगरपालिका-६ का २८ बर्षीय तेजेन्द्र लिम्बूलाई खुकुरी प्रहार गरी हत्या गरेको आरोपमा सोही स्थानका ३२ बर्षीय अर्जुन गुरूङलाई प्रहरीले पक्राउ गरेको छ ।

मंगलबार राति फक्तालुङ गाउँपालिका-३ स्थित फुपू योगमाया लिम्बूको घरमा पाहुना गएको अवस्थामा अर्जुन गुरूङ र उनको श्रीमती सरिता लिम्बूबीच झगडा भएको थियो ।

सो झगडामा फुपू योगमाया लिम्बूले सम्झाइ बुझाइ दुबै जनालाई छिमेकी २८ बर्षीय तेजेन्द्र लिम्बूको साथ लगाइ उनीहरूकै घर पठाएकी थिइन् । घर फर्कने क्रममा बाटोमा तेजेन्द्र लिम्बूलाई गुरूङले एक्कासी धारिलो हतियार प्रहार गर्दा उनको घटनास्थलमै मृत्यु भएको थियो । घटना पश्चात फरार गुरूङलाई तत्काल जिल्ला प्रहरी कार्यालय ताप्लेजुङबाट खटिएको प्रहरी टोलीले फुङ्लिङ-९ स्थित भिरकुना जंगलमा भाग्दै गरेको अवस्थामा पक्राउ गरेको हो ।

«'बिपद्

जुट्न सकेका छैनन् । बिपत व्यवस्थापनको पूर्व तयारीमा स्थानीय तहहरू जिल्ला प्रशासन कार्यालयको भर परेका छन् ।

सुनसरीका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र मिश्रले सबै स्थानीय तहका प्रमुख तथा सरोकारवाला निकायहरूको सहभागितामा चाँडै बैठक बसेर छलफल गर्ने तयारी गरिएको जानकारी दिए । स्थानीय तहहरूबाट आफूले रिपोर्टिङ लिइरहेको र तयारीमा जुटेको बताउने गरेको मिश्रले बताए ।

समयमै गर्नुपर्ने विपद व्यवस्थापनको पूर्वतयारीमा हेलचेक्राइ गर्दा यस बर्ष पनि बाढीले क्षति पुरयाउन सुरू गरेको इटहरीका स्थानीय शिवराज दाहालको आरोप छ ।

स्थानीय तहहरू बार्षिक नीति तथा कार्यक्रमको तयारीमा ब्यस्त भएकाले पनि बिपत ब्यवस्थापनको पूर्व तयारीमा कम ध्यान गएको इनरूवा नगरपालिकाका प्रमुख केदार भण्डारीले बताए । गत बर्ष सुनसरीका बिभिन्न स्थानीय तहमा ३ हजार बढी घरपरिवार बाढी तथा डुबानबाट प्रभावित भएका थिए । उनीहरूलाई बिश्व खाद्य कार्यक्रमको सहयोगमा स्थानीय तहहरूले राहत बितरण गरेका थिए ।

«२९१ पालिक

विज्ञ काशीराज दाहालले कार्यपत्र प्रस्तुत गर्ने जनाइएको छ ।

त्यस्तै वित्तीय संघीयतालाई संस्थागत गर्न स्थानीय तहको भूमिकाबारे डा गोपी खनाल र स्थानीय सरकार संचालन र विकास प्रक्रियामा उपप्रमुखहरूको भूमिकाबारे रमेश अधिकारीले कार्यपत्र प्रस्तुत गर्नेछन् ।

सम्मेलनले देशभरका पालिकाका उपप्रमुखहरूबीच राम्रा अभ्यासहरूबारे अनुशरण, ज्ञान दक्षता र सीपको अभिवृद्धि हुने अपेक्षा लिइएको उपप्रमुख कार्कीले बताइन् ।

महानगरपालिकाका मेयर नागेश कोइरालालले धेरै स्थानीय तहमा प्रमुख र उपप्रमुखबीच समन्वयको अभाव देखिएका कारण राम्रोसँग काम गर्ने स्थानीय तहको अभ्यासबारे जानकारी गराइने जानकारी दिए ।

सामाजिक लेखा परीक्षण कार्यशाला

विराटनगर(उस)/पूर्वाञ्चल विश्वविद्यालयको आंगिक क्याम्पस जनता आदर्श बहुमुखी क्याम्पसले तीनदिने सामाजिक लेखा परीक्षण कार्यशाला वुधवारदेखि विराटनगरमा शुरू गरेको छ । विश्वविद्यालय अनुदान आयोगको सहयोगमा सञ्चालित उक्त कार्यशालामा विभिन्न आठ वटा क्याम्पसका ५१ जना विद्यार्थी सहभागी छन् ।

कार्यशालामा पथरी बहुमुखी क्याम्पस, उर्लाबारी बहुमुखी क्याम्पस, धरान मोडल कलेज, जनता बहुमुखी क्याम्पस इटहरी, इटहरी नमूना कलेज, सुकुना बहुमुखी क्याम्पस, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस र आयोजन जनता आदर्श बहुमुखी क्याम्पसमा सामाजिक कार्य विषयमा स्नातक तहमा अध्ययनरत विद्यार्थी सहभागी भएका छन् । कार्यशालाको उद्घाटन गर्दै पूर्वाञ्चल विश्वविद्यालयको उपकुलपति प्राडा विजुकुमार थपलियाले लेखा परीक्षणको जति महत्व छ त्यत्तिकै महत्व सामाजिक लेखा परीक्षणको रहेको बताए । कला संकायका डीन राम ढकाल र जनता आदर्श बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख महेशप्रसाद निरौलाले विद्यार्थीलाई व्यवहारिक ज्ञान र सीप दिने उद्देश्यले सामाजिक लेखा परीक्षणको कार्यशाला सञ्चालन गरेको जानकारी दिए ।

बीमा गर्दा ध्यान दिनुपर्ने कुरा

बीमालेखको बीमालेख नविकरण गर्ने समय, इच्छाएको व्यक्तिको नाम, सम्पर्क नम्बर जस्ता विवरण स्पष्ट उल्लेख गरेको हुनुपर्दछ ।

नेपाल बीमा प्राधिकरण
कोशी प्रदेश कार्यालय, विराटनगर

हार्दिक समवेदना

जन्म
वि.स. २०२२ जेष्ठ ०७

स्वर्गारोहण
वि.स. २०८२ जेष्ठ १९

स्व. उषादेवी अग्रवाल

यस संगठनका कार्यसमिति सदस्य श्री दिपक अग्रवालको ममतामयी माता स्व. उषादेवी अग्रवालको मिति २०८२ जेष्ठ १९ गते, सोमवारका दिन भएको असामयिक निधनले संगठन परिवार स्तब्ध भएको छ ।

यस दुःखद् घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस भनी भगवानसंग प्राथना गर्दै दिवंगत आत्माको चीर शान्तिको कामनाका साथ गहिरो समवेदना व्यक्त गर्दछौं ।

राकेश सुराना
अध्यक्ष
एवं उद्योग संगठन मोरङ, परिवार

धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल जेठ महिना २२ गते बिहीबार)

यस विकास बैंकका शाखा कार्यालय पथरीबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औ दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

तपशिल

क) कर्जा शीर्षक : आवाश कर्जा

ऋणीको विवरण

कुल प्रसाद दाहालको नाति तेज प्रसाद दाहालको छोरा संखुवासभा जिल्ला मादीमुलखर्क वडा नं. १ हाल, मोरङ्ग जिल्ला सुन्दरहरैचा न.पा. वडा नं. ५ बस्ने **रुद्र प्रसाद दाहाल** (ना.प्र.नं. : ४१२४/४३६ जारी मिति र जिल्ला : २०५६/०९/०२, संखुवासभा)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) भरत प्रसाद सत्यालको छोरी तेज प्रसाद दाहालको बुहारी रुद्र प्रसाद दाहालको पत्नी संखुवासभा जिल्ला चैनपुर वडा नं. २ हाल, मोरङ्ग जिल्ला सुन्दरहरैचा न.पा. वडा नं. ५ बस्ने **छत्रमाया सत्याल** (ना.प्र.नं. : ११८२६/३२९४ जारी मिति र जिल्ला : २०६०/०७/२१, संखुवासभा)

२) कुल प्रसाद दाहालको नातिनी तेज प्रसाद दाहालको छोरी संखुवासभा जिल्ला मादि वडा नं. ५ हाल, मोरङ्ग जिल्ला सुन्दरहरैचा न.पा. वडा नं. ५ बस्ने **राधिका दाहाल** (ना.प्र.नं. : १०३०३१/३१ जारी मिति र जिल्ला : २०६३/१०/२१, संखुवासभा)

ख) कर्जा शीर्षक : मोर्टगेज कर्जा

ऋणीको विवरण

भरत प्रसाद सत्यालको छोरी तेज प्रसाद दाहालको बुहारी रुद्र प्रसाद दाहालको पत्नी संखुवासभा जिल्ला चैनपुर वडा नं. २ हाल, मोरङ्ग जिल्ला सुन्दरहरैचा न.पा. वडा नं. ५ बस्ने **छत्रमाया सत्याल** (ना.प्र.नं. : ११८२६/३२९४ जारी मिति र जिल्ला : २०६०/०७/२१, संखुवासभा)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) कुल प्रसाद दाहालको नाति तेज प्रसाद दाहालको छोरा संखुवासभा जिल्ला मादीमुलखर्क वडा नं. १ हाल, मोरङ्ग जिल्ला सुन्दरहरैचा न.पा. वडा नं. ५ बस्ने **रुद्र प्रसाद दाहाल** (ना.प्र.नं. : ४१२४/४३६ जारी मिति र जिल्ला : २०५६/०९/०२, संखुवासभा)

२) कुल प्रसाद दाहालको नातिनी तेज प्रसाद दाहालको छोरी संखुवासभा जिल्ला मादि वडा नं. ५ हाल, मोरङ्ग जिल्ला सुन्दरहरैचा न.पा. वडा नं. ५ बस्ने **राधिका दाहाल** (ना.प्र.नं. : १०३०३१/३१ जारी मिति र जिल्ला : २०६३/१०/२१, संखुवासभा)

ग) कर्जा शीर्षक : साधारण कर्जा

ऋणीको विवरण

कुल प्रसाद दाहालको नाति तेज प्रसाद दाहालको छोरा संखुवासभा जिल्ला मादीमुलखर्क वडा नं. १ हाल, मोरङ्ग जिल्ला सुन्दरहरैचा न.पा. वडा नं. ५ बस्ने **रुद्र प्रसाद दाहाल** (ना.प्र.नं. : ४१२४/४३६ जारी मिति र जिल्ला : २०५६/०९/०२, संखुवासभा)

व्यक्तिगत धनजमानीकर्ताको विवरण

भरत प्रसाद सत्यालको छोरी तेज प्रसाद दाहालको बुहारी रुद्र प्रसाद दाहालको पत्नी संखुवासभा जिल्ला चैनपुर वडा नं. २ हाल, मोरङ्ग जिल्ला सुन्दरहरैचा न.पा. वडा नं. ५ बस्ने **छत्रमाया सत्याल** (ना.प्र.नं. : ११८२६/३२९४ जारी मिति र जिल्ला : २०६०/०७/२१, संखुवासभा)

यसअघि प्रकाशित गरिएको सूचनाको विवरण : मिति २०८१/०९/१७ को नागरिक राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको ।

धितो सुरक्षण सम्बन्धी विवरण : निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

धितोधनीको नाम	धितोको ठेगाना	सिट नं.	कित्ता नं.	क्षेत्रफल (विघा)
रुद्र प्रसाद दाहाल	मोरङ्ग जिल्ला दुलारी वडा नं. ८	८क	५१५६	०-०-४-३
			५१५७	०-०-१-०
	मोरङ्ग जिल्ला दुलारी वडा नं. २	२ख	१८४१	०-०-१-२
			२५७६	०-०-१३-१

शर्त बन्देजहरु :

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८२/०३/११ गते बुधबार यस बैंकको शाखा कार्यालय पथरी आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) प्राप्त बोलपत्रहरु मिति २०८२/०३/१२ गते बिहीबार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय पथरीमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

सौगात प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा हंसवाहिनी प्रिन्टर्स एण्ड पब्लिकेशन प्रा.लि., विराटनगरद्वारा मुद्रित **कार्यालय** : विराटनगर-७, मेनरोड, **फोन नं.** : ०२१-४५०३०५, ५१५७२८, ५७८३०५ **इमेल** : udghosh@gmail .com,
प्रबन्ध सम्पादक : **विजय खतिवडा**, समाचार सम्पादक : **विक्रम निरौला**, सहसम्पादक : **कमल रिमाल**, फोटो सम्पादक : **संजीव खनाल**, व्यवस्थापक : **पूर्ण भुजेल**, प्रबन्ध निर्देशक : **बन्धु पोखरेल**, सम्पादक : **मोहन भण्डारी**